नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३९१

लाजिम्पाट, काठमाडौं।

प्रेस विज्ञप्ती- २६

"लागु औषध (खैरो हिरोइन) मुद्दाका फरार प्रतिवादी १७ वर्ष पछि पक्राउ"

प्रस्तुत बिषयमा प्रहरी प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी मनिल सिटौला भएको लागु औषध मुद्दामा सम्मानित पर्सा जिल्ला अदालतको मिति २०६७।०३।०१ गतेको फैसलाले नुवाकोट जिल्ला, खानीगाउँ गा.वि.स. वडा नं. ३ घर भई हाल काठमाडौं जिल्ला टोखा न.पा. वडा नं. ७ बस्ने मुरारी सिटौलाको छोरा बर्ष ३८ को मनिल सिटौलालाई **५ (पाँच) वर्ष कैद** र रु. ५,०००।- (पाँच हजार मात्र) जरिवाना ठहर भएकोमा उक्त सजाय बेरुजू भई फरार रही काठमाडौंको विभिन्न स्थानमा लुकिछिपी बसेको भन्ने गोप्य सूचनाको आधारमा यस कार्यालयबाट खटिएको प्रहरी टोलीले मिति २०८३।०६।१६ गते काठमाडौं जिल्ला का.म.न.पा.वडा नं. ११, बबरमहलबाट पक्राउ गरी फैसला कार्यान्वयनको लागि सम्मानित काठमाडौं जिल्ला अदालत, बबरमहलमा पेस गरी सम्मानित अदालत मार्फत कारागार कार्यालय जगन्नाथदेवल, सुन्धारा पेस गरिएको छ।

मिति:- २०८३।०६।१६ गते।
नेपाल संवत् : ११४६

(अनुपम शमशेर ज.ब.रा.)
प्रहरी वरिष्ठ उपरीक्षक
प्रवक्ता एवम् सूचना अधिकारी
सम्पर्क नम्बर: ९८५१२९१३११